दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
वर्ष ३७ | अंक ११३ | बुटवल | २०८२ बैशाख ०७, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Apr. 20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**जन्म दर्ता गर्न आवश्यक कागजात**

-आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
-सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
-स्वास्थ्य संस्था, अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण ।
-घरमा जन्म भएको हकमा खोप कार्ड,
-बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन ।

नेपाल सरकार विज्ञापन बोर्ड

# कसले हान्यो युवतीलाई गोली ?

**प्रेम सम्बन्धमा दरार आउँदा भारती युवाले गोली हानेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । गएको साउनमा युवतीका आफन्तले ती युवाका बारेमा इलाका प्रहरी कार्यालयमा उजुरी दिएका थिए ।**





**लुम्बिनी संवाददाता**
*बुटवल*

सधैँभैँ शनिबार बिहान टिका विष्टले खाजा पसल खोलेर सरसफाइ गर्दै थिइन् । बेलाबखत उनको पसलमा आउजाउ गर्ने एक जना युवा आए, भलाकुसारी गरे, रेडबुल मागे, पिए । सरसफाइ गर्दै गरेकी उनलाई ती युवालेगोली प्रहार गरे ।

बुटवल उप-महानगरपालिका वडा नं. ११ बुद्धनगरमा २९ वर्षीया विष्टमाथि गोली प्रहार गर्ने युवाको पहिचान भएको इलाका प्रहरी कार्यालय, बुटवलका प्रमुख डीएसपी इन्द्रबहादुर रानाले जानकारी दिए । घाइते विष्टले आफूलाई गोली हान्ने आलम अन्सारी भएको सूचना प्रहरीलाई दिएकी छिन् । भारतीय नम्बर प्लेटको मोटरसाइकलमा आएका उनले बिहान साढे नौ बजे गोली हानेर भागेका थिए । विष्टलाई कम्मरमाथि गोली लागेको छ ।

घाइते युवतीलाई तत्काल लुम्बिनी प्रादेशिक अस्पताल पुऱ्याएर प्रारम्भिक उपचार भयो । त्यसपछि भैरहवा युनिभर्सल मेडिकल कलेज पुऱ्याइएको थियो । त्यहाँ पनि गोली निकाल्न संभव नभएपछि भरतपुर पठाइएको छ । उनलाई एक गोली लागेको छ ।

विष्टले खाजा पसल चलाएको घरका घरधनी माधव थापाका अनुसार, पहिलेदेखि नै ती युवा खाजापसलमा आउजाउ गरिरहेको सूचना आएको थियो । उनले युवतीलाई मन पराएको, तर अस्विकार गरेकी थिइन् । पटक–पटक विवाह गर्न दबाब दिएपछि केही दिनअघि दुईजनाबिच भनाभन समेत भएको थियो ।

पाल्पाको रैनादेवी छहराकी विष्टले बुद्धनगरमा खाजा पसल चलाएको चार वर्ष भयो ।

इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी रानाका अनुसार, गएको साउनमा ती युवकले युवतीलाई जबर्जस्ती मोटरसाइकलमा लगेको भन्दै आफन्तले निवेदन दिएको थिए । त्यही निवदेनका आधारमा प्रहरीले युवकको खोजी गऱ्यो । युवालाई पक्राउ गर्ने तयारी गर्दैगर्दा युवतीले राजीखुशी गएको भनेपछि प्रहरीले युवालाई पक्राउ गर्न वास्ता गरेन् । 'युवतीले राजीखुशी गएको भनेपछि पक्राउ गर्नुपर्ने देखिएन् ।'–डीएसपी रानाले भने ।

**स्थानीय त्रसित, दोषीलाई कडा कारबाहीको माग**

यस घटनाले बुद्धनगर क्षेत्रका बासिन्दामा त्रास फैलिएको भगवती टोल विकास समितिका पूर्वअधयक्ष टोपलाल भुसालले बताए । उनका अनुसार ती युवकले 'बिहानै आफ्नो टोलमा यस्तो घटना सुन्नुपऱ्यो, टिकाले होटेल खोल्ने बित्तिकै युपी नम्बर प्लेटमा चढेर आएका ती युवकले गोली हानेर भागेका रहेछन्, यस्तो आतंक सृजना भयो । दिनदहाडै यस्तो डरलाग्दो घटना भयो ।'- उनले भने ।

सो घरका घरधनी माधव थापाले केही दिन पहिले पनि त्यो मान्छे ती बहिनीसँग आएर झगडा गरेको जानकारी पाएको, तर आफू त्यो घरमा नबसी बाहिरै बस्ने भएकाले सबै विवरण नजानेको बताए । पूर्वसांसद रहेकी स्थानीय दीपा विकले अपराधी भारतीय रहेपछि तत्काल खोजेर कडा कारबाही गर्नुपर्ने बताइन् । 'अपराधी इन्डियन रहिछ, इन्डिया भाग्यो कि ? प्रहरीको सक्रियता तीव्र होस्, घाइतेको स्वास्थ्य लाभको कामना, सबै मिलेर दोषीलाई तत्काल कानुनी कठघरमा ल्याइनुपर्दछ ।' उनले भनिन् ।

स्थानीय वीर कुँवरले आफ्नो क्षेत्रमा यस्तो गर्ने अपराधीलाई कडा कारबाहीको माग गरेका छन् । 'कस्तो दादागिरी हो यो चारैतिर नाकाबन्दी गरी तुरुन्त पुलिस प्रशासनले पक्राउ गरी हदैसम्मको कारबाही होस् ।'-उनले भने ।

# आज जितगढी विजय उत्सव



बुटवल । अंग्रेज फ्रौजलाई हराएर इतिहास कायम गरेको दिन बैशाख ७ गते आज बुटवलको ऐतिहासिक जितगढी किल्लामा देशभक्तिपूर्ण गीत संगीतका साथ जितगढी विजय उत्सव मनाइँदैछ ।

इष्ट इण्डियाको कम्पनी फौजलाई पराजित गर्दै मातृभूमि जोगाउको दिन पारेर आइतबार 'जितगढी विजयी उत्सव साँस्कृतिक साँझ-२०८२' आयोजना गर्न लागिएको बुटवल उप-महानगरपालिकाले जनाएको छ ।

हरेक वर्ष बैशाख ७ गतेका दिन मनाउँदै आइएको विजय उत्सवको अवसरमा बुटवलको जितगढी किल्लामा यस वर्ष साँस्कृतिक साँझ आयोजना गर्न लागिएको बुटवल उप-महानगरले जनाएको हो । बुटवल उप-महानगरको प्रवर्धनमा आयोजना गर्न लागिएको उक्त कार्यक्रममा विभिन्न कलाकारहरुबाट देशभक्ति गित तथा नृत्यहरु प्रस्तुत गरिने छन् ।

आइतबार नै हरेक वर्ष गोरखादेखि पैदलयात्रा गरी आइपुग्ने नेपाली सेनाका पखयात्रीहरुलाई किल्लामा स्वागत गरिने छ । यस वर्ष पनि नेपाली सेनाको गोरखा दरबार हनुमान भन्ज्याङबाट सुरु भएको गोरखा-जितगढी पदयात्राको टोलीलाई स्वागत गर्ने कार्यक्रमलाई निरन्तरता दिइने बुटवल उपमहानगरका प्रमुख खेलराज पाण्डेयले जानकारी दिए । ऐतिहासिक दरबार, गढी, किल्ला र पदमार्गको संरक्षण अभियानअन्तर्गत नेपाली सेनाले स्थानीय तहहरुसँगको सहकार्यमा गोरखादरबारदेखि जितगढीसम्मको यो पदयात्रा तेस्रो पटक आयोजना गरेको हो । गोरखाबाट हिँडेको टोली तनहुँ, स्याङ्जा, पाल्पा हुँदै बैशाख ७ गते ऐतिहासिक जितगढी किल्लामा आइपुग्नेछ ।

राष्ट्रिय झण्डासहित एकीकरणमा स्थापित श्रीनाथ, कालीबक्स, बर्दवाणी, सबुज, पुरानो गोरख र जितगढी लडाइँमा सहभागी गुरुबक्स गुल्म सहभागी छन् । पदयात्रामा गोरखाको रिपुमर्दन गण, तनहुँको रूरू भैरबदल गण, काली भञ्जन गण, राजदल गण, दि फेमस महिन्द्रदल गण र रुपन्देहीको तारादल गण सहभागी हुँदै छन् ।

यस वर्ष विजय उत्सव कार्यक्रमअन्तरगत बिहान पदयात्रामा रहेको नेपाली सेनाको टोलीलाई सम्मान गर्ने कार्यक्रम रहेको छ भने साँझ ६ बजेदेखि साँस्कृतिक साँझको आयोजना गरिएको छ । आइतबार बिहान ९ बजे अस्पताल चोकमा राष्ट्रिय झण्डोत्तलन कार्यक्रम हुनेछ भने १० बजे बुटवल १ गणेशमन्दिरमा गोरखाबाट आएका नेपाली सेनाका टोलिलाई स्वागत गरिने छ ।

बिहान ११ बजेदेखि बुटवल-१ जितगढी किल्लामा जितगढी उत्सवको मुल समारोह संचालन हुने उप-महानगरपालिकाले जनाएको छ ।

१८७२ बैशाख ७ गते जितगढी किल्लामा कर्णेल उजिरसिंह थापा नेतृत्वको नेपाली फौजले अंग्रेज फौजमाथि जित हासिल गरेको थियो । सोही खुशीयालीमा बुटवल उप-महानगरपालिकाले एक कार्यक्रमको आयोजना गरी जितगढी उत्सव मनाएको हो ।

# संविधानको रक्षाका लागि शीर्ष सहमति



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीसहित प्रमुख तीन राजनीतिक दलका शीर्ष नेताहरूबिच विद्यमान राजनीतिक व्यवस्था र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान रक्षाका लागि उपयुक्त वातावरण बनाउँदै अघि बढ्ने सहमति भएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको छलफलमा उनीहरूबिच संविधानको उल्लंघन गर्ने र सामाजिक अराजकता सृजना गरी मुलुकको शान्ति र अमनचयनमा खलल पुऱ्याउनेप्रति सचेत हुँदै अघि बढ्न प्रमुख राजनीतिक दलसहित गणतन्त्र पक्षधर शक्ति एकठाउँमा उभिनुपर्ने विन्दुमा शीर्ष नेता पुगेका हुन् ।

प्रधानमन्त्री एवं एमालेका अध्यक्ष केपी शर्मा ओली, कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, गृहमन्त्री रमेश लेखक, प्रधानमन्त्रीका मानव अधिकार तथा संक्रमणकालीन न्यासम्बन्धी सल्लाहकार अग्नि खरेल सहभागी थिए ।

छलफलमा संक्रमणकाली न्यायसँग सम्बधित दुई आयोगमा पदाधिकारी चयनका लागि गठित सिफारिस समितिले गरिरहेका कामबारे सामान्य जानकारी गराउने काम पनि भएको सल्लाहकार खरेलले जानकारी दिए ।

# एक लाख बढी पर्यटकले दर्शन गरे शालिग्राम सङ्ग्रहालय



ढोरपाटन । बागलुङ नगरपालिका-४ कुँडुलेस्थित शालिग्राम सङ्ग्रहालयमा धार्मिक पर्यटकको आकर्षण बढेको छ । एकै ठाउँमा सङ्ग्रहित गरेर राखेको सवा लाख शालिग्राम अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् । विश्वमै दुर्लभ मानिने शालिग्राम शिलालाई १०० मिटर सुरुङभित्र संरक्षण गरेर राखिएको छ ।

पछिल्लो समय तीव्ररुपमा प्रचारप्रसार हुँदा पर्यटक बढेका हुन् । नेपालको विभिन्न स्थानसँगै दक्षिण भारतबाट बढी पर्यटक शालिग्राम सङ्ग्रहालयमा आउने गरेको सङ्ग्रहालयका संरक्षक ऋषि प्रपन्नचार्यले जानकारी दिए । उनका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा चालु वर्ष झण्डै ५० हजार बढी धार्मिक पर्यटक सङ्ग्रहालयमा आएका छन् ।

गत वर्ष एक लाख पर्यटक यहाँ आएकोमा चालु आवको १० महिनामा एक लाख ५० हजार पर्यटक सङ्ग्रहालयमा आएको ऋषि प्रपन्नचार्य बताउँछन् । शालिग्राम सङ्ग्रहालय चार वर्षदेखि सर्वसाधारणलाई खुला गरिएको थियो । पछिल्लो समय मुस्ताङको मुक्तिनाथ पुग्ने धार्मिक पर्यटक सङ्ग्रहालयमा आउने गरेको उनको भनाइ छ ।

ऋषि प्रपन्नचार्यले भने-'सङ्ग्रहालयको विस्तारै प्रचार हुँदैछ, विगतको तुलनामा अहिले यहाँ पर्यटकको आगमन ठूलो संख्यामा बढेको छ, अझैं बढ्दै जाने हामीहरुले आँकलन गरेका छौं, अहिले दक्षिण भारतबाट आउनेको संख्या अझ बढी छ, प्रचारप्रसार पनि हुँदै गएको छ, यहाँ घुम्न आएका सबै सङ्ग्रहालयमा पस्दैनन्, मन्दिर अवलोकन गरेर जाने गरेका छन् ।'

त्रिशूल आकारमा सुरुङभित्र शालिग्राम सङ्ग्रहालयसहित त्रिवेणीधामदेखि दामोदरकुण्डसम्मको नक्सा, विभिन्न मठमन्दिरका आकृति बनाइएको छ । सङ्ग्रहालयमा ससाना शालिग्रामदेखि ३०० किलोसम्मको शालिग्राम छन् । सङ्ग्रहालयको प्रवेशद्वार बाघको मुखको आकृतिबाट बनाएपछि सङ्ग्रहालय अहिले बाघको मुखभित्र रहेको छ ।

गैंडाकोटबाट घुम्न आएका तुल्सीराम सापकोटाले यसरी एकै ठाउँमा सवा लाख शालिग्राम अन्य कुनै ठाउँमा अवलोकन गर्न नपाइने बताए । पारिवारिक भ्रमणका क्रममा बागलुङ आएको सुनाउँदै सङ्ग्रहालय निकै आकर्षक रहेको उनको भनाइ छ । सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा शालिग्राम सङ्ग्रहालयको बारेमा धेरै फोटो भिडियो देखेको हुँदा घुम्न आएको सुनाए ।

नवलपरासीबाट घुम्न आएकी मेनुका पौडेलले शालिग्रामको दर्शन गर्दा मनोकांक्षा पूरा हुने विश्वासले परिवारसहित दर्शन गर्न आएको सुनाइन् । ढोरपाटन, बागलुङ कालिका घुम्दै शालिग्रामको दर्शन गर्न पाएको उनको भनाइ छ । पौडेलले धेरै पहिला सामान्य खालको शालिग्राम दर्शन गरे पनि एकै ठाउँमा यति धेरै नदेखेको सुनाइन् ।



सम्पादकीय

# झुम्सा खानेपानी असफल नबनाऊ

बुटवलमा अहिले एउटा प्रश्न उठेको छ–झुम्सा खानेपानी आयोजना कहिले पूरा हुन्छ ? आम नागरिकसँग सरोकार राख्ने विकास आयोजनाका बारेमा चासो हुनु स्वभाविकै हो। बुटवलको खानेपानी समस्या समाधान गर्न डेढ दशकअघि सुरु भएको झुम्सा खानेपानी आयोजना अझैँ पूरा नहुनुले हाम्रा विकास आयोजना, लक्ष्य र प्रतिफलका बारेमा बग्रेल्ती प्रश्न खडा हुँदा समेत राज्यका जिम्मेवार निकाय जवाफदेही नबन्दा शासन प्रणालीप्रति नै प्रश्न उठ्ने विन्दुमा पुग्नु उचित होइन।

एउटा विकास आयोजना सुरु भएको कति समयमा सकिन्छ भन्ने ग्यारेण्टी नहुँदा नागरिकले विकासको प्रतिफल पाउन सकेका छैनन्। समयमा आयोजनाको काम नसकिंदा लागत बढ्ने मात्रै नभई लक्षित वर्गले प्रतिफल नपाउँदा राज्यप्रति आक्रोश बढ्ने जोखिम हुन्छ। राज्यले नागरिकका समस्या र अपेक्षा समयमै पूरा नगर्दा आक्रोश बढ्नु अस्वाभाविक होइन। डेढ दशकअघि शिलान्यास भएको आयोजना कहिले पूरा हुन्छ भन्ने ग्यारेण्टी नहुँदा अहिले झुम्सा आयोजनालाई 'मेलम्ची' भनेर भन्न थालिएको छ। मेलम्ची आयोजना पूरा हुन तीन दशक लाग्यो। बुटवलको खानेपानी समस्या समाधान गर्न अघि बढेको आयोजना पनि डेढ दशक नाघ्यो। यो हिसाबले बुटवलको 'मेलम्ची आयोजना' को रूपमा टिप्पणी हुनुले हाम्रो सिंगो विकास प्रक्रियामाथिको प्रश्न पनि हो।

झुम्सा खानेपानी आयोजनाबाट दुई वर्ष यता पटक–पटक धारामा पानी खस्ने समय सीमा निर्धारण हुँदै आएको छ। अहिले पनि खानेपानी आयोजना छिट्टै पूरा हुन्छ भन्न छाड्दैनन् खानेपानी संस्थानका अधिकारीहरु। तर कहिले बन्छ भन्ने टुंगो छैन। राजनैतिक प्रणालीप्रति नागरिकको अपनत्व बढाउन विकास आयोजना समयमै सकिनुपर्छ। प्रतिफलमुखी आयोजना अस्तव्यस्त हुँदा नागरिकको असन्तुष्टि बढ्छ। विकास आयोजना सुरु भएपछि तोकिएकै समयसीमामा पूरा हुने विश्वास दिनसक्दा मुलुकमा आशा र भरोसा बढ्छ। २०६६ असारमा शिलान्यास गर्ने बेला तीन वर्षभित्र झुम्सा खानेपानी आयोजना सम्पन्न हुने घोषणा गरिएको थियो। यो घोषणा गरेको १५ वर्ष बित्दा समेत सम्पन्न हुने समयसीमाको विश्वास छैन। आयोजनाका अधिकारीहरु भौतिक प्रगति ९४ प्रतिशत र वित्तीय प्रगति ६३ प्रतिशत भएको जानकारी दिन्छन्। अहिलेसम्म ड्याम निर्माणको काम सम्पन्न भएको छ।

मुहानदेखि केही तल र रामफेदीमा बनाउनुपर्ने ट्याङ्की कहिले हो बन्ने ? जग्गाको टुंगो छैन। पाइपलाइन विस्तारको काम हुँदा नै टंकीका लागि जग्गा र बजेट व्यवस्था गर्न किन ध्यान गएन ? कमजोरीको समीक्षा हुनुपर्छ। एउटा मध्यम खालको खानेपानी आयोजनाको यस्तो दुदर्शा छ भने मुलुकमा अरु के हुन्छ भन्ने समाजमा स्थापित मनोविज्ञानलाई तोड्न अब छिटो यो आयोजना सम्पन्न गर्नुपर्छ। त्यसो त पछिल्ला दिनमा केही ठूला आयोजना निर्माणको कामले गति लिएको छ। ठूला विकास आयोजनाको कामले गति लिँदा समाजमा आशा जगाएको छ। झुम्सा आयोजनालाई छिटो सम्पन्न गरी बुटवलको खानेपानी समस्या समाधान गर्नसक्दा नागरिकमा आशा र विश्वास जाग्छ।

# शिक्षकका मागप्रति सरकार उदासिन



विन बहादुर कुँवर

*यो सबै सरकारी विद्यालय र शिक्षकप्रतिको सरकारी हेपाहा प्रवृत्तिको उपज हो। बेलाबेलामा प्रम केपी ओलीले सरकारी विद्यालयका शिक्षकहरुलाई हाँसी मजाकमा उडाउँदै आएका छन् । निजीको गुनगान र सरकारी विद्यालयको आलोचना जसको परिणाम आज शिक्षक र सरकारबिच वारपारको लडाइँ चलिरहेको छ । केही सत्ता पक्षका नेताहरुले शिक्षकहरुको समर्थन गरिरहँदासम्म पनि प्रम ओली यसलाई बेवास्ता गर्ने गरेका छन्। कतै यही शिक्षक आन्दोलन नै प्रम ओलीको सत्ता बहिगमन र नयाँ सत्ता समीकरण हुने त होइन ?*




वर्ष २०८१ को अन्त्य र वर्ष २०८२ को शुभारम्भ भएको छ। सर्वप्रथम नव वर्ष २०८२ को हार्दिक शुभकामना । यही अवसरमा राष्ट्रपति, उपराष्ट्रपति लगायत प्रधानमन्त्रीलगायत विभिन्न दल नेताहरुले जनताको नाममा यस्तै हार्दिक शुभकामना व्यक्त गरी देश र जनताको प्रगति र उन्नतिको कामना गरे। यतिसम्मकि यही अवसरमा अर्थात् नव वर्ष २०८२ को शुभकामना पूर्व राजा ज्ञानेन्द्रले पनि सबैलाई व्यक्त गरेका छन्। पहिलेका हरेक वर्षको शुभारम्भमा पनि यस्तै शुभकामना व्यक्त धेरैबाट हुँदै आएको छ । तर यस पटकको यो शुभकामनामा अलि पृथक हुने गरेका छन्। यसमा पहिलो पक्ष अर्थात् वर्तमान सत्ता पक्ष र प्रतिपक्ष खास गरी वर्तमान यो संघीय लोकतान्त्रिक र गणतन्त्र पक्षधरहरुले यसको स्थायित्व र विकास अनि यसको रक्षाको विषयमा बढी ध्यान केन्द्रित गरे भने यसको अर्को पक्षमा अर्थात् राजावादी पक्षले यसको विकल्पमा घुमाई फिराई २०४६ सालको संवैधानिक व्यवस्थाको पुनर्स्थापना संवैधानिक राजतन्त्रलाई पुनःब्यूँत्याउने संकेत गरे।

गत चैत १५ को पुराना पञ्चे, मण्डले र दरबारियाहरुको हत्या, हिंसा र आतंकलाई कथित जन प्रदर्शन भन्दै स्वयं ज्ञानेन्द्र शाहले नै यस्तो भनाइ वक्तव्यमार्फत् अघि सारेका छन् । तर यी दुवै पक्ष अर्थात् यथास्थितिवादी गणतन्त्र पक्षधर कांग्रेस-एमाले र माओवादीहरुको साथै यी कथित संवैधानिक राजतन्त्र पक्षधर पूर्व राजा ज्ञानेन्द्र र उनका दलाल आसेपासे पूर्व पञ्चे मण्डले र दरबारियाहरुको विरोध गर्दै सच्चा गणतन्त्रवादी मालेमावादी कम्युनिष्ट वामपन्थी देशभक्त र जनवादी शक्ति समूहहरुले भने यी प्रतिगामी तथा यथास्थितिवादी सबैको विरोध गर्दै सच्चा लोकतन्त्र र जनगणतन्त्रका लागि पुनः तेस्रो जनसंघर्ष र आन्दोलनसहित जनविद्रोहहरुका लागि अग्रसर हुन आह्वान गरिरहेका छन्।

अहिले देशमा आन्दोलन र संघर्षको लहर चलिहरेको छ । शिक्षक राजधानी केन्द्रित आन्दोलनमा छन्। दुई हप्ता भइसक्दा पनि शिक्षकका माग पूरा गर्नेतर्फ सरकारले खासै ध्यान दिएको पाइँदैन । बेलैमा शिक्षकका मागलाई सरकारले सम्बोधन गर्न सकेको भए यस्तो समस्या अहिले आउने थिएन। विद्यार्थी भर्ना र पठनपाठन ठप्प छ। कक्षा १० का विद्यार्थीहरुको उत्तर पुस्तिका जाँच्नु पर्ने बेलामा शिक्षकहरु सडकमा छन्। त्यस्तै कक्षा १२ को परीक्षा सञ्चालनमा समेत यसको असर पर्दैछ । यो सबै सरकारी विद्यालय र शिक्षकप्रतिको सरकारी हेपाहा प्रवृत्तिको उपज हो। बेलाबेलामा प्रम केपी ओलीले सरकारी विद्यालयका शिक्षकहरुलाई हाँसी मजाकमा उडाउँदै आएका छन् । निजीको गुनगान र सरकारी विद्यालयको आलोचना जसको परिणाम आज शिक्षक र सरकारबिच वारपारको लडाइँ चलिरहेको छ। केही सत्ता पक्षका नेताहरुले शिक्षकहरुको समर्थन गरिरहँदासम्म पनि प्रम ओली यसलाई बेवास्ता गर्ने गरेका छन्। कतै यही शिक्षक आन्दोलन नै प्रम ओलीको सत्ता बहिगमन र नयाँ सत्ता समीकरण हुने त होइन ? एमाओवादी अध्यक्ष प्रचण्डले सुरुदेखि नै ढोक्सा थापी बसेकै छन्। हिजो मात्रै उनले ओली सरकार यही महिनाभित्र बाहिरने बताएका छन्। विना शर्त, विना पद जिम्मेवारी सिंधै नेका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीका लागि सहयोग र समर्थन गर्ने भनिसकेका छन्।

अहिले देशमा प्रतिगामी पुराना पञ्चे, मण्डले र दरबारियाहरुको बढ्दो चलखेल भइरहेको यो बेलामा यी यथास्थितिवादी (कांग्रेस-एमाले र माओवादी) आदि सबै एक भई यसका विरुद्ध जाई लाग्नु पर्ने तर प्रचण्ड भने कांग्रेसलाई उचाल्ने र एमालेलाई तह लगाउने अर्थात् देउवालाई बोकी ओलीलाई पछार्नेमा छन्। यसबाट प्रतिगामी तत्वहरुलाई क्या हाइसञ्चो के खोज्छस आँखो भने जस्तै भएको छ । एकातिर शिक्षकलगायत अरु जनसमुदायलाई आन्दोलनमा बोक्ने अर्कोतिर विदेशी शक्ति केन्द्रहरुसँग पनि भित्रभित्रै साँठगाँठ पनि गर्ने काम प्रचण्डबाट भइरहेको छ । कांग्रेसभित्र पनि ओलीप्रतिको असन्तोष बढ्दो छ। यसलाई मथ्थर पार्न कांग्रेस पार्टीले पार्टी पदाधिकारी सदस्यहरुको बैठक पनि राख्ने भएको छ । तर बहुसंख्यक कांग्रेसीहरु मौकामा चौका अर्थात् सत्ता आइलागेको बेला कुनै पनि हालतमा छोड्नु हुन्न भन्नेमा छन् । अझैं वर्ष दिन किन कुरी बस्ने ? आइलागेको भाग खाई हाल्नेमा छन्।

यता प्रम ओली पनि त्यति कमजोर र कम बाठा छैनन्। प्रचण्डको यो षड्यन्त्रलाई पर्दापास गर्ने जुक्ति खोज्दैछन्। यदि साँच्चै नै देउवा प्रचण्ड पक्षमा लागे भने ओली पनि कांग्रेसी अर्का नेता शेखर कोइरालालाई अघि सारी अर्थात् उनलाई प्रधानमन्त्री बनाउने शर्तमा कांग्रेस पार्टीभित्र फाटो पारी देउवालाई न यता न उता बनाउन पनि सक्छन्।

जे होस् यो कांग्रेस-एमाले र माओवादीबिचको सत्ता लुछाचुँडीले प्रतिगामी तत्वहरुलाई अझ बढी हौसाएको छ। लामो दिनपछि पूर्व राजा ज्ञानेन्द्रले पुनः एक अर्को भिडियो वक्तव्य जारी गरेका छन् । चैत १५ को त्यो आततायी हत्या, हिंसालाई समर्थन गर्दै पुनः आफू यसबाट कति पनि नडराएको बरु अझ बढी उत्साहित भइरहेको देखाउन खोजेका छन्। कथित त्यो आतंककारी कदमलाई नागरिक आन्दोलनको रुपमा परिभाषित गर्दै अझ बढी अग्रसर हुन पुराना पञ्चे, मण्डले र दरबारियाहरुलाई हौसिाएका छन्। अझ यी पुराना पञ्चे, मण्डलेहरु र दरबारियाहरुको त्यो कथित आन्दोलनलाई तेस्रो जनआन्दोलनको थालनी भन्न समेत पछि परेका छैन। कही नभाको जात्रा हाँडी गाउँमा अचम्म ! यी पुराना पञ्चे, मण्डले र दरबारियाहरुको यो कथित तेस्रो जनआन्दोलन जसको प्रत्यक्ष दृश्य गएको चैत १५ को तिनकुनेमा प्रदर्शित भइसकेको छ।

अचम्म त अर्को के पनि छ भने हालै मात्र चैत १५ को त्यो हत्या, हिंसाका कमाण्डर दुर्गा प्रसाईं भारतको आसामबाट गिरफ्तार भई यहाँ ल्याइएको छ । उनले अहिले आफूलाई पेरुका क. गोञ्जालोसँग तुलना गर्दै आत्म सुरक्षाको लागि भारत गएको र भारतीय पुलिससँग त्यहाँ गई आत्मसमर्पण गरेको बताएका छन् । हुन पनि ड्रेस त्यस्तै गोञ्जालोको जस्तै। कहाँ क. गोञ्जालो र कहाँ एउटा जौवा, सन्काहा ठग दुर्गा प्रसाईं ? क. गोञ्जालो पेरु कम्युनिष्ट पार्टी साइनपाथका नेता मात्र नभई एउटा विश्वव्यापी माओवादी दार्शनिक नेता पनि हुन्। माओवादका पहिलो प्रवर्द्धक अर्थात् तत्कालीन माओ विचारलाई माओवादमा बदल्ने दार्शनिक महान नेता पनि हुन्। दर्शन शास्त्रमा पियचडी अर्थात् डाक्टर क. गोञ्जालोसँग तुलना दुर्गा प्रसाईंले गर्दा यो उनी भन्नेलाई भन्दा हामी सुन्नेलाई लाज भएको छ। तैपनि पूर्व राजा ज्ञानेन्द्र र उनका भरौटे पुराना पञ्चे, मण्डले र दरबारियाहरुका लागि उनी भन्दा पनि अझ ठूला माओ लेनिन र मार्क्स-एंगेल्स जस्तै ठान्दा पनि के फरक पर्छ र ? अमेरिकी साम्राज्यवादसँग पौठेजोरी खेल्ने गोञ्जालोको महान् गौरवमय इतिहासका अगाडि एउटा भरौटे ज्ञानेन्द्रको दलाल दुर्गा प्रसाईंको यो भनाइ आफैमा कति हाँस्यास्पद छ ? ज्ञानेन्द्रले पनि कस्ता कमाण्डर, कस्ता संयोजक र कस्ता कस्ता सदस्य छानेका देख्दै र सुन्दै अचम्म छ।

# पटक-पटक नाकबाट रगत बग्छ ? हेमोफिलिया हुनसक्छ

विश्वमा लगभग ११ लाख मानिसहरू हेमोफिलियाबाट पीडित रहेको विश्व हेमोफिलिया महासंघको अनुमान छ। यी मध्ये धेरैजसो मानिसहरू निदान गरिएको छैन, अर्थात्, उनीहरूलाई थाहा छैन कि उनीहरूलाई हेमोफिलिया छ। विश्वभर गम्भीर हेमोफिलिया भएका लगभग ४ लाख १८ हजार मानिसहरूलाई यसको बारेमा थाहा नै छैन।

हेमोफिलिया एक दुर्लभ, आनुवंशिक रक्त विकार हो। यसमा, शरीरमा रगत जम्नको लागि आवश्यक पर्ने विशेष प्रोटिनको मात्रा उल्लेखनीय रूपमा कम हुन्छ वा बिल्कुलै हुँदैन। के तपाईंले कहिल्यै याद गर्नुभएको छ, चोट लाग्दा रक्तस्राव स्वतः बन्द हुन्छ ? शरीरमा निश्चित प्रकारका प्रोटिनहरू हुन्छन्, जसलाई क्लटिङ फ्याक्टर भनिन्छ। यसैको कारण रक्तस्राव आफै रोकिन्छ।

जब रगत जम्ने कारकहरू कम हुन्छन् वा अनुपस्थित हुन्छन्, चोटपटक लाग्दा वा काट्दा रक्तस्राव रोकिँदैन। यसलाई रोक्न धेरै गाह्रो छ। धेरै पटक, मानिसहरू मर्छन् पनि।

**हेमोफिलियाका लक्षणहरू के के हुन् ?**

हेमोफिलियाका लक्षणहरू व्यक्तिको उमेर र रोगको गम्भीरताअनुसार फरक हुन सक्छन्। यसका केही सामान्य संकेतहरू पहिचान गर्न सकिन्छ। यसको सबैभन्दा सामान्य लक्षण भनेको सानो चोटपटक लाग्दा पनि लामो समयसम्म रगत बगिरहनु हो।

शरीरमा प्रायः नीलो वा कालो दागहरू देखिन्छन्, जुन कुनै विशेष कारण बिना नै बन्न सक्छन्।

**यस्ता छन् लक्षणहरू :**

- सामान्य चोट लाग्दा पनि धेरै रगत बग्नु
- शरीरमा नीलो/कालो निशान बन्नु
- नाकबाट रगन बारम्बार बग्नु
- महिलालाई धेरै महिनावारी हुनु
- मांशपेसी वा जोर्नी सुन्निनु, दुख्वा वा तातो महसुस गर्नु
- बच्चा जन्माउँदा धेरै रक्तस्राव हुनु।

**हेमोफिलिया किन हुन्छ ?**

डाक्टरका अनुसार हेमोफिलिया एक जन्मजात रोग हो। यदि परिवारमा कसैलाई यो रोग छ भने भावी पुस्ता पनि यसबाट पीडित हुन सक्छन्। यसलाई चिकित्साशास्त्रमा आनुवंशिक विकार भनिन्छ।

यद्यपि, केही दुर्लभ अवस्थामा यो रोग पछि पनि विकास हुन सक्छ। यदि शरीरको प्रतिरक्षा प्रणालीले रगत जम्ने कारकहरूलाई चिन्न अस्वीकार गर्छ र तिनीहरूलाई आक्रमण गर्न थाल्छ भने, यो अवस्थालाई प्राप्त हेमोफिलिया भनिन्छ। यसको उपचार गर्न धेरै गाह्रो छ।

हेमोफिलिया कति प्रकारका हुन्छन् ?

हेमोफिलिया तीन प्रकारका हुन्छन् । रगतमा धेरै क्लटिङ कारकहरू हुन्छन्, जस्तै VIII, IX कारक । यी VIII / IX कारकहरू विशेष प्रकारका प्रोटीनहरू हुन्, जुन रगत जम्नको लागि आवश्यक हुन्छन्। यी कमीकमजोरीहरूको आधारमा हेमोफिलियाका प्रकारहरू विभाजन गरिएका छन्। जस्तैः

- हेमोफिलिया ए : यो सबैभन्दा सामान्य प्रकारको हो। यो कारक VIII को कमीले हुन्छ।
- हेमोफिलिया बी : यो कारक IX को कमीले हुन्छ। यसको लक्षण हेमोफिलिया ए जस्तै हुन्छ।
- हेमोफिलिया सी : यो कारक XI को कमीले हुन्छ। यो निकै दुर्लभ हुन्छ।

**हेमोफिलियाबाट कस्ता जटिलताहरू हुन सक्छन् ?**

हेमोफिलियाले धेरै गम्भीर जटिलताहरू निम्त्याउन सक्छ। सबैभन्दा सामान्य तर खतरनाक समस्या भनेको आन्तरिक रक्तस्राव हो, जुन जोर्नी, मांसपेशी वा मस्तिष्कमा हुन सक्छ।

१. **आन्तरिक रक्तस्राव**

हेमोफिलियामा सबैभन्दा ठूलो खतरा आन्तरिक रक्तस्राव हो। जोर्नीहरूमा बारम्बार रक्तस्राव हुँदा सुन्निने, दुख्ने र हिँड्डुल गर्न कठिनाइ हुन्छ। यदि समयमै उपचार गरिएन भने जोर्नीहरू स्थायी रूपमा क्षतिग्रस्त हुन सक्छन्।

२. **मस्तिष्कमा रक्तस्राव**

यो जीवनको लागि खतरापूर्ण अवस्था हो। यो धेरै दुर्लभ हुन्छ, तर यदि यो भयो भने यसको नतिजा धेरै गम्भीर हुन्छ। यसमा निरन्तर टाउको दुख्ने, बान्ता हुने, दोहोरो दृष्टि हुने, बेहोस हुने जस्ता लक्षणहरू देखिन्छन्। यसलाई तत्काल आपत्कालीन उपचार आवश्यक छ।

३. **अत्यधिक रक्तस्राव**

चोटपटक, शल्यक्रिया वा दाँत निकाल्नेजस्ता सामान्य गतिविधिहरू पछि पनि अत्यधिक रक्तस्राव हुन्छ। यसले रक्तअल्पता र कमजोरी निम्त्याउन सक्छ। कहिलेकाहीँ रगत चढाउनु पर्ने हुन सक्छ।

४. **इनहिबिटर्स बन्नु**

धेरै पटक एन्टिबडीहरूले शरीरमा उपस्थित क्लटिङ कारकहरूलाई नष्ट गर्छन्। यसमा उपचार निष्प्रभावी हुन्छ र रक्तस्राव नियन्त्रण गर्न धेरै गाह्रो हुन्छ।

५. **दन्त र शल्यक्रिया जटिलताहरू**

दाँतको उपचार वा शल्यक्रिया गर्नु पनि गाह्रो हुन सक्छ किनभने साना प्रक्रियाहरूले पनि धेरै रक्तस्राव निम्त्याउन सक्छ।

६. **मांसपेशी र तन्तुको क्षति**

यदि मांसपेशी वा तन्तुभित्र रक्तस्राव हुन्छ र यो बारम्बार भइरहन्छ भने, त्यहाँ कडा गाँठो बन्न सक्छ। यसले स्नायुहरू संकुचित हुन सक्छ र शरीरका अंगहरू सुन्न हुन सक्छन्।

**यसको निदान कसरी गर्ने ?**

यदि कुनै व्यक्तिमा माथि उल्लेखित लक्षणहरू देखा परेमा डाक्टरले पहिले उसको चिकित्सा इतिहास जान्न प्रयास गर्छन्। विशेष गरी पारिवारिक इतिहासको बारेमा सोधिन्छ। यसपछि केही महत्त्वपूर्ण रगत परीक्षणहरू गरिन्छन्ः

- सीबीसी (पूर्ण रक्त गणना) - यसले रक्त कोषहरूको अवस्था प्रकट गर्दछ।
- पीटी र पीटीटी परीक्षण- यसले रगत जम्ने गति प्रकट गर्छ।
- क्लटिङ फ्याक्टर परीक्षण- यसले कुन कारक कम छ र कति छ भनेर स्पष्ट पार्छ।

**हेमोफिलियाको उपचार के हो ?**

अहिलेसम्म हेमोफिलियाको स्थायी उपचार छैन, तर राम्रो कुरा के हो भने यसलाई व्यवस्थापन गर्न सकिन्छ। उपचारको सबैभन्दा प्रभावकारी विधि भनेको प्रतिस्थापन थेरापी हो। यसमा, शरीरमा कमी भएको क्लोटिङ फ्याक्टरलाई इन्जेक्शन मार्फत शरीरमा दिइन्छ।

यसबाहेक, एन्टीफाइब्रिनोलाइटिक औषधिहरू पनि दिइन्छ। यी कारकहरू नियमित रूपमा गम्भीर बिरामी बिरामीहरूलाई दिइन्छ ताकि कुनै पनि रक्तस्राव हुनु अघि नै रोक्न सकियोस्।

**कस्ता कुराहरू मनमा राख्नु महत्त्वपूर्ण छ ?**

हेमोफिलियाका बिरामीहरूले आफ्नो विशेष ख्याल राख्नुपर्छः

- खेलकुदबाट टाढा रहनुहोस्ः फुटबल, बक्सिङ, स्केटिङ जस्ता खेलहरूबाट टाढा रहनुहोस्, किनकि यी खेलहरूमा चोट लाग्ने सम्भावना उच्च हुन्छ।
- केही औषधिहरू नखानुहोसः एस्पिरिन, आइबुप्रोफेन वा वारफेरिन जस्ता रगत पातलो पार्ने औषधिहरू बेवास्ता गर्नु उत्तम हुन्छ। यसले रक्तस्रावको जोखिम बढाउन सक्छ।
- दाँतको ख्याल राख्नुहोस्ः केही संक्रमणहरूले मुखबाट रगत बगाउन सक्छ। त्यसैले, ब्रस, फ्लसिङ र दाँतको जाँच नियमित रूपमा गर्नुपर्छ।
- आफ्नो तौल नियन्त्रणमा राख्नुहोस्ः आफ्नो शरीरको तौल सन्तुलित राख्नुहोस् ताकि जोर्नीहरूमा कुनै दबाब नपरोस्।
- आफ्ना प्रियजनहरूलाई जानकारी दिनुहोस्ः आफ्नो रोगको बारेमा आफ्नो परिवार, साथीभाइ र स्कूल, कलेज वा कार्यालयका सहकर्मीहरूलाई भन्नुहोस्। आपतकालीन अवस्थामा के गर्ने भनेर पनि उनीहरूलाई सिकाउनुहोस्।

एजेन्सी



**बिक्रीका लागि लसुनलाई प्याकिङ गर्दै:**
दाङको घोराही उप-महानगरपालिका-१३ स्थित बडहरामा बिक्रीका लागि लसुनलाई बोरामा प्याकिङ गर्दै। तस्विर : कुलदीप न्यौपाने /रासस

# बागलुङका चार पालिकामा क्षयरोग मुक्त अभियान



गलकोट (बागलुङ) । बागलुङका चार वटा पालिकामा क्षयरोग मुक्त अभियान सञ्चालन गरिएको छ। क्षयरोग पत्ता लगाउने, सर्ने दर न्यूनीकरण गर्ने र पत्ता लागेका क्षयरोगीलाई उपचार गरेर क्षयरोग मुक्त पालिका निर्माणका लागि जिल्लाका १० पालिकामध्ये बागलुङ नगरपालिका, गलकोट नगरपालिका, बडिगाड गाउँपालिका र काठेखोला गाउँपालिकामा क्षयरोग मुक्त अभियान थालिएको छ।

गत वर्ष बडिगाड र गलकोटमा थालिएको अभियान यस वर्ष थप गरेर बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकामा पुर्‍याइएको हो । नेपाल सरकारले क्षयरोग मुक्त पालिका घोषणा कार्यविधिअनुसार चार पालिकामा क्षयरोग मुक्त अभियानअर्न्तगतका विभिन्न कार्यक्रम सञ्चालन भइरहेको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका क्षयरोग निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिए।

"क्षयरोग सरुवा रोग भएकाले सर्ने दर घटाउन सक्नु नै मुख्य अभियान हो जसका लागि क्षयरोगी पत्ता लगाउँदै उपचार गर्दै जानुपर्दछ, क्षयरोगसम्बन्धी सचेतना मुख्य कुरा हो, अभियानले क्षयरोगी पत्ता लगाउने दर बढेको छ, क्षयरोगी पत्ता लगाउँदै उपचार गर्दै गएपछि क्षयरोगी दिगा रुपमा कम हुँदै जान्छन्", घिमिरेले भने-"चालु आर्थिक वर्षमा नै जिल्लामा २०३ क्षयरोगी पत्ता लगेका छन्, उनीहरुले औषधी सेवन गर्नाले क्षयरोग अरुमा सर्दैन र निर्मूलनमा सहयोग पुग्दछ।"

क्षयरोग मुक्त अभियान सञ्चालन भएको बडिगाड गाउँपालिकामा गत वर्ष एक ३३ जनामा क्षयरोग पत्ता लागेको थियो । बडिगाडमा अहिले क्षयरोगीको संख्या घटेर ४३ जनामा आइपुगेको छ भने क्षयरोगीको सर्वेक्षण गर्नेक्रम जारी छ । यस्तै गलकोट नगरपालिकामा ३१ सक्रिय क्षयरोगी, बागलुङ नगरपालिकामा ३० सक्रिय क्षयरोगी रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ।

चार पालिकामा अहिले एआई प्रविधिबाट क्षयरोग पत्ता लगाउने कार्यलाई तीव्रता दिइएको छ भने पालिकामा क्षयरोग संयोजक तोकिएको छ। पालिका प्रमुखकको अध्यक्षतामा क्षयरोग मुक्त समन्वय समिति, वडास्तरीय समिति गठन गर्ने कार्य भइरहेको छ।

ढोरपाटन नगरपालिकामा क्षयरोग मुक्त अभियान नचले पनि क्षयरोग पत्ता लगाउनका लागि एक्सरेमार्फत् परीक्षण भने भइरहेको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जनाएको छ । क्षयरोग मुक्त अभियानका लागि स्वास्थ्य शाखामा एकाइ गठन गर्ने, पालिकास्तरीय क्षयरोग मुक्त अभियान समन्वय समति गठन गर्ने र वडामा वडास्तरी समिति गठन गरिने छ।

क्षयरोग पत्ता लगाउने, उपचार गर्ने, सर्ने दर घटाउने, रोकथाम गर्ने र मृत्युदर कम गरेर शून्यमा क्षयरोगी झार्नका लागि अभियान सक्रिय भएको बागलुङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले जानकारी दिए।

नगरपालिकाका १४ वडामध्ये १२ वटा वडामा सुक्ष्म योजना निर्माण कार्य सम्पन्न भइसकेको खनालले जानकारी दिए। सन् २०३५ भित्र क्षयरोग निवारण गर्ने लक्ष्य राखेको नेपाल सरकारले खोजी अभियानलाई तीव्रता दिइएको छ।

# नवलपरासीमा आलु खेती गरिने क्षेत्र र उत्पादन वृद्धि



मध्यविन्दु (नवलपरासी) । नवलपरासी(बर्दघाट सुस्तापूर्व)मा चालु आबमा ५९ हजार १२० मेट्रिकटन आलु उत्पादन भएको छ। कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा यस वर्ष आलु खेती गरिने क्षेत्र र उत्पादनसमेत बढेको छ।

जिल्लामा यस आर्थिक वर्षमा तीन हजार २१६ हेक्टर क्षेत्रफलमा आलु खेती भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी विश्वास काफ्लेले बताए। गत वर्षको तुलनामा यस वर्ष खेती गरिने क्षेत्र र उत्पादनसमेत बढेको उनले बताए।

"गत आर्थिक वर्ष तीन हजार २०५ हेक्टर क्षेत्रफलमा आलु खेती हुँदा ५८ हजार ४१३ मेट्रिकटन उत्पादन भएको थियो", उनले भने-"गत आवको तुलनामा यस वर्ष ११ हेक्टर क्षेत्रफल बढेको छ भने ७०७ मेट्रिकटन आलु धेरै उत्पादन भएको छ।"

नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा विगत चार वर्षदेखि आलु खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको कृषि ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले बताए। कृषि ज्ञान केन्द्रको तथ्याङ्कअनुसार पछिल्लो चार वर्षमा जिल्लामा आलु खेती १०१ हेक्टर क्षेत्रफल बढेको छ। क्षेत्रफल बढेसँगै आलुको उत्पादन पनि वृद्धि भएको प्रमुख तिवारीले जानकारी दिए।

"जिल्लामा आर्थिक वर्ष २०७८/७९ मा तीन हजार ११५ हेक्टर क्षेत्रफलमा आलु खेती भएको तथ्याङ्क रहेको छ भने त्यो क्षेत्रफल चालु आव २०८१/८२ सम्म १०१ हेक्टरले बढेर तीन हजार २१६ हेक्टरमा विस्तार भएको छ", उनले भने-"उत्पादन पनि आव २०७८/७९ मा ५० हजार १५२ मेट्रिकटन भएकोमा त्यसमा आठ हजार ९६८ मेट्रिकटनले वृद्धि भएर ५९ हजार १२० मेट्रिकटन वार्षिक उत्पादन हुन थालेको छ।"

जिल्लामा व्यावसायिक आलु खेती गर्ने किसानको संख्या प्रत्येक वर्ष बढेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा देखिएको छ। पछिल्लो चार वर्षको आलु खेती गरिने क्षेत्रफल र उत्पादन हेर्दा प्रत्येक वर्ष वृद्धि हुँदै गएको देखिएको कृषि ज्ञान केन्द्रका कृषि बाली विज्ञ सञ्जय ढकालले बताए।

"आलु उत्पादनका हिसाबले नवलपरासी (बर्दघाट सुस्तापूर्व) आत्मनिर्भर रहेको छ," उनले भने-"सरकारी तहबाट लगानी वृद्धि हुँदा कृषक आलु खेतीतर्फ आकर्षित भएका छन्।"

कृषि ज्ञान केन्द्रले चालु आवमा समुदायस्तमा प्रशोधनयोग्य र खायन आलु प्रवर्धनको लागि कुल एक करोड ८५ लाख रकम विनियोजित गरेको थियो। आलुको बीउको लागि कृषि ज्ञान केन्द्रले ३१ वटा समूह एवं सहकारीलाई ६५ प्रतिशत अनुदानमा करिब ८० लाख बराबरको अनुदान प्रदान गरेको कृषि बाली विज्ञ ढकालले जनकारी दिए।

जिल्लाको मध्यविन्दु र कावासोती नगरपालिका एवं हुप्सेकोट गाउँपालिका क्षेत्रमा आलु राम्रो उत्पादन हुने गरेको छ। सो क्षेत्रमा व्यावसायिक रूपमा आलु उत्पादन गर्ने कृषक र कृषि समूहको संखया उल्लेख्य रहेको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए । किसानले उत्पादन गरेको आलु स्थानीय बजारका साथै बुटवल, नारायणगढ र काठमाडौंलगायतका सहरमा जाने गरेको छ।

# नौ महिनामा साढे तीन खर्ब ऋण उठ्यो

काठमाडौँ । सरकारले चालु आर्थिक वर्ष २०८१/०८२ को चैत मसान्तसम्म साढे तीन खर्बभन्दा बढी ऋण उठाएको छ भने साढे दुई खर्बभन्दा बढी सावाँ-ब्याज तिरेको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको २०८१ चैत मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण रु २४ खर्ब ३४ अर्ब नौ करोड थियो भने पछिल्लो नौ महिनामा रु दुई खर्ब ३३ अर्ब १७ करोड ऋण थपिएको छ। यसरी चैत मसान्तसम्ममा नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण रु २६ खर्ब ६७ अर्ब २६ करोड पुगेको कार्यालयले जनाएको छ।

"चैत मसान्तसम्ममा सार्वजनिक ऋण कूल ग्राहस्थ्य उत्पादन (जीडीपी) को अनुपातमा ४६ दशमलव ७५ प्रतिशत हुन आउँछ । कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१ दशमलव १९ र आन्तरिक ऋणको हिस्सा ४८ दशमलव ८१ प्रतिशत छ।"-प्रतिवेदनमा भनिएको छ । मुलुकको हालसम्मको कूल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण रु १३ खर्ब एक अर्ब ९४ करोड र बाह्य ऋण दायित्व रु १३ खर्ब ६५ अर्ब ३२ करोड बराबर छ।

सरकारले यस आर्थिक वर्षका लागि करिब साढे पाँच खर्ब रुपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य राखेकामा गत चैत मसातसम्म ६७ प्रतिशत हाराहारी उठिसकेको छ। "चालु आर्थिक वर्षमा जम्मा रु पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा चैत मसान्तसम्ममा रू तीन खर्ब ६६ अर्ब नौ करोड ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक प्राप्ति ६६ दशमलव ९३ प्रतिशत रहेको छ", प्रतिवेदनमा भनिएको छ।

चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्म सरकारले रु दुई खर्ब ९१ अर्ब १४ करोड आन्तरिक ऋण उठाएको हो भने रु ७४ अर्ब ९५ करोड बाह्य ऋण उठाएको हो । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको आन्तरिक ऋणको प्राप्ति ८८ दशमलव २२ प्रतिशत र बाह्य ऋणको प्राप्ति ३४ दशमलव ५४ प्रतिशत बराबर हो। यस आर्थिक वर्षका लागि सरकारले रु तीन खर्ब ३० अर्ब आन्तरिक ऋण र रु दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने लक्ष्य राखेको छ।

सार्वजनिक ऋण निरन्तर बढ्दै गएसँगै त्यसको सावाँ-ब्याज भुक्तानीका लागि हुने खर्च पनि बढ्दै गएको छ। चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्ममा मात्रै करिब साढे दुई खर्बभन्दा बढी रकम साँवा ब्याज भुक्तानीमा खर्च भएको छ । "चालु आर्थिक वर्षमा ऋण सेवा खर्चमा रु चार खर्ब दुई अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा चैत मसान्तसम्म रु दुई खर्ब ५२ अर्ब ४८ करोड भुक्तानी भएको छ", सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले भनेको छ-"यो वार्षिक विनियोजनको आधारमा ६२ दशमलव ६७ प्रतिशत हो। जीडीपीको आधारमा चैत मसान्तसम्ममा कूल ऋण सेवा खर्च चार दशमलव ४३ प्रतिशत रहेको छ।"

पछिल्लो नौ महिनामा आन्तरिक ऋणको सावाँव्याज भुक्तानीका लागि मात्रै रु दुई खर्ब १२ अर्ब ९३ करोड खर्च भएको छ । आन्तरिक ऋणको सावाँ तिर्नका लागि रु एक खर्ब ७० अर्ब नौ करोड र ब्याज तिर्नका लागि रु ४२ अर्ब ८४ करोड बराबर खर्च भएको हो । त्यस्तै, बाह्य ऋणको साँवा ब्याज तिर्नका लागि रु ३९ अर्ब ४३ करोड बराबर खर्च भएको छ। जसमध्ये बाह्य ऋणको साँवा तिर्नका लागि रू ३२ अर्ब ९३ करोड र ब्याज तिर्नका लागि रू छ अर्ब ६१ करोड खर्च भएको छ।

चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनले मात्रै रु ७० अर्ब नौ करोड बराबर सार्वजनिक ऋणको दायित्व थपिएको कार्यालयले जनाएको छ। नेपालले वैदेशिक ऋण 'स्पेशल ड्रइङ राइट' (एसडीआर) अन्तर्गतका पाँचवटा विदेशी मुद्रामा लिन्छ । जसमा अमेरिकी डलर, युरो, पाउण्ड स्टर्लिङ, चिनियाँ युआन र जापानी येन पर्दछन् । चालु आर्थिक वर्षमा एसडीआरको विनिमय दरमा आएको वृद्धिले वैदेशिक ऋण दायित्वमा थप प्रभाव परेको कार्यालयले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ।

# छ वर्षपछि नेपालगञ्ज रङ्गशालामा खेलकुदको रौनक

राँझा (बाँके) । लामो समयपछि नेपालगञ्जमा सुरु भएको अन्तरराष्ट्रियस्तरको लुम्बिनी कप महिला फुटबल प्रतियोगिताले रङ्गशालामा रौनक थपिएको छ।

बाँकेमा आठौँ राष्ट्रिय खेलकुद पछि करिब छ वर्षसम्म ठूलो प्रतियोगिता हुन नसक्दा अलपत्र रहेको नेपालगञ्ज रङ्गशालामा लुम्बिनी कप फुटबलले खेलकुदको रौनक ल्याएको बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष भोजराज शाहीले बताए।

"लुम्बिनी कप अन्तरराष्ट्रिय आमन्त्रण महिला फुटबलका लागि रङ्गशालालाई चिटिक्क पारिएको छ, आठौँ राष्ट्रिय खेलकुदपछि ठूलो प्रतियोगिता नेपालगञ्ज रङ्गशालामा भएकाले स्थानीय खेलाडी तथा फुटबलप्रेमीमा खुसी छाएको छ", अध्यक्ष शाहीले भने-"नियमति रुपमा ठूला खेलकुद प्रतियोगिता हुनसके नेपालगञ्ज रङ्गशालाको रौनक अझै बढ्दै जानेछ।"

अन्तरराष्ट्रियस्तरको प्रतियोगिता भएकाले लुम्बिनी कप महिला फुटबललाई लक्षित गरी केही महिनादेखि नै रङ्गशालाको सजावट थालिएको थियो। नियमित पानी राख्दा दुबो पलाएर यतिबेला रङ्गशालामा हरियाली छाएको लुम्बिनी कप महिला फुटबल प्रतियोगिताको आयोजक अन्तरालाका प्रमुख कार्यकारी जयनारायण शाहले बताए।

विगतमा सरसफाइ र मर्मतमा उचित बजेट नहुँदा जीर्ण बन्दै गएको यो रङ्गशालामा नियमित अभ्यास हुन सकेको थिएन । आठौँ राष्ट्रिय खेलकुदपछि पहिलोपटक प्रतियोगिता सुरु भएपछि रङ्गशालामा चहलपहल बढेको साविक मध्यपश्चिम खेलकुद विकास समितिका अध्यक्ष भीम ओलीले जनाए।

आठौँ राष्ट्रिय खेलकुदका बेला रोपिएको रु ४० लाखको बर्मुडा दुबोको नामोनिसान मेटिए पनि दैनिक स्याहार गर्दा स्थानीय दुबो पलाएर अहिले नेपालगञ्ज रङ्गशाला आकर्षक देखिएको छ । जिल्ला फुटबल सङ्घ बाँकेको सहकार्यमा शुक्रबार सुरु भई बैशाख १२ गतेसम्म चल्ने 'लुम्बिनी कप अन्तरराष्ट्रिय आमन्त्रण महिला फुटबल' प्रतियोगितामा भारतको सिलगुडीसहित आठवटा टिमको सहभागिता रहेको छ।

प्रतियोगिताको विजेता समूहले रु पाँच लाख पाँच हजार ५५५ र उपविजेता समूहले रु दुई लाख ५० हजार, ट्रफी, मेडल प्राप्त गर्ने आयोजक अन्तरालका प्रमुख कार्यकारी शाहले जानकारी दिए।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# राष्ट्रपति बन्न तयार छु : पुन




बुटवल । नेकपा माओवादीका उपाध्यक्ष बनेका पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनले पार्टीले खटाएबमोजिम नै पहिले उपराष्ट्रपति बनेको र अहिले पार्टीको जिम्मेवारीमा आएको बताएका छन् ।

शनिबार प्यूठानमा प्रेस सेन्टरले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा पुनले पहिले पार्टीले पठाएर उपराष्ट्रपतिको जिम्मेवारीमा गएको र कार्यकाल सकिएपछि पुनः पार्टी जिम्मेवारीमै फर्किएको प्रष्टोक्ति दिएका हुन् ।

पुनले पूर्व राष्ट्रपति, उपराष्ट्रपतिलाई पार्टी जिम्मेवारीमा फर्किन कुनै कानुनी र संवैधानिक अड्चन नभएको प्रष्ट पारे । 'म राजनीतिक आधारबाट यहाँ आएको हुँ, कानुनले पूर्व राष्ट्रपति, उपराष्ट्रपतिलाई पार्टी जिम्मेवारीमा फर्किन कतै रोकेको छैन, आफ्नो चाहना र पार्टीको आवश्यकता भर पर्ने कुरा हो,' उनले भने-'संवैधानिक अड्चन भएको भए कसैलाई पार्टीले किन अघि सार्नेथियो र ?'

पार्टी जिम्मेवारीमा फर्किएपछि पहिलो पटक पत्रकारसँग भेटघाट गरेका पुनले कम्युनिष्ट कार्यकर्ताले आफ्नो अन्तिम लक्ष्य पूरा नभएसम्म पार्टीमा जिम्मेवारी लिनुपर्ने आफ्नो प्रष्ट कुरा भएको बताए ।

राजावादीको सक्रियताप्रति कडा रुपमा प्रस्तुत भएका पुनले अहिलेको अवस्थामा राजतन्त्र फर्काउने कल्पना कसैले नगरे हुन्छ र त्यस्ता मण्डलेहरुलाई नेपाली जनताले साथ नदिने बताए ।

'माओवादीले राखेको कार्यक्रम बिथोल्न योजनासहित राजावादीहरुले सोही दिन कार्यक्रम राखे, उनीहरुले मण्डले चरित्र प्रस्तुत गरे, कति वितण्डा मच्चाए, उनीहरुको के उद्देश्य रहेछ त्यो प्रष्ट पारे त ।'- उनले भने । उपाध्यक्ष पुनले पार्टीले आवश्यक ठानेर राष्ट्रपतिमा अघि सारे आफू तयार भएको बताए ।

# 'बुद्धको उपदेशलाई विश्व शान्तिको भावनामा विकास गर्नुपर्ने'

गण्डकी । गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले बुद्धको उपदेशलाई विश्व शान्तिको भावनामा विकास गर्नुपर्नेमा जोड दिएका छन् ।

लुम्बिनी विश्वविद्यालय, लुम्बिनी अनुसन्धान केन्द्रले पोखरामा बौद्ध सम्पदा, संस्कृति र साहित्यको अध्ययन अनुसन्धान केन्द्र स्थापनाको लागि आयोजित अन्तरक्रियात्मक गोष्ठीको उद्घाटन गर्दै उनले बुद्ध दर्शनलाई विश्वभर फैलाएर नेपालले लाभ लिन सक्नुपर्ने बताए ।

बुद्ध धर्म यस धर्ममा आस्था राख्नेको मात्र नभइ सबैका लागि एउटा दर्शन र सिद्धान्त रहेको उल्लेख गर्दै उनले बुद्ध शिक्षा जीवनको नैतिक मार्गदर्शक भएको उल्लेख गरे । बुद्ध शिक्षाको अनुसरण र परिपालना गर्न जरुरी रहेको भन्दै उनले बुद्धको सन्देशलाई आत्मसाथ गर्दै अगाडि बढ्नु अहिलेको आवश्यकता भएको उल्लेख गरे ।

बौद्ध दर्शनको अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यसहित २० वर्षअघि स्थापना भएको लुम्बिनी बौद्ध विश्वविद्यालय प्रकाण्ड बौद्धविद्वान उत्पादन गर्ने महत्वपूर्ण केन्द्रको रूपमा रहेको प्रदेश प्रमुख भट्टको भनाइ छ। सानो संरचनाबाट विश्वविद्यालयको स्वरुप देखिने चरणमा आइपुगेकोमा खुसी व्यक्त गर्दै उनले विश्व आकर्षणको केन्द्र भएको लुम्बिनीमा स्थापना भएको विश्वविद्यालयले नेपालमै लुम्बिनी र बुद्धप्रतिको चासोलाई बढाएको उल्लेख गरे ।

बौद्ध दर्शन विश्वका धेरै विश्वविद्यालयमा अध्ययन अध्यापन हुने भए पनि बुद्ध भूमिमा बसेर बौद्ध दर्शन अध्ययन गर्न पाउनु सुखद अवसर रहने उनको भनाइ छ । विश्वविद्यालयले 'विद्यालयमा बौद्ध शिक्षा' अभियानको थालनी गरेकोमा खुसी व्यक्त गर्दै उनले बुद्धलाई ढोग्न मात्रै होइन, ज्ञान आर्जनका लागि पनि लुम्बिनी आउनुपर्छ भन्ने मान्यताका साथ अघि बढेको विश्वविद्यालयलाई प्रगतिको कामना गरे ।

गण्डकीमा केन्द्र स्थापना गरी बौद्ध दर्शनसम्बन्धी अध्ययन अध्यापन गराउने कार्यको स्वागत गर्दै उनले गण्डकी प्रदेश सरकारले आवश्यक सहयोग, समन्वय गर्ने विश्वास व्यक्त गरे ।

# बाँके प्रशासन सार्वजनिक बिदामा पनि सेवा दिँदै




नेपालगञ्ज । जिल्ला प्रशासन कार्यालय बाँकेले सार्वजनिक बिदाहरूमा पनि आफ्नो कार्यालयले प्रवाह गर्ने केही महत्त्वपूर्ण सेवाहरू सूचारु राख्ने जानकारी गराएको छ । १६ वटा सार्वजनिक बिदाका दिन पनि जिल्ला प्रशासन कार्यालय बाँकेले नागरिकतासम्बन्धी सेवा, राहदानी, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरणसम्बन्धी सम्पूर्ण सेवाहरू प्रवाह गर्ने जानकारी एक सार्वजनिक सूचनामार्फत् गराएको छ ।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी खडानन्द खत्रीको हस्ताक्षरमा सार्वजनिक गरिएको सूचनामा २०८२ बैशाख १ देखि चैत मसान्तसम्मको १६ वटा शनिबार बाहेकका सार्वजनिक बिदाहरूमा पनि उपरोक्त महत्त्वपूर्ण सेवाहरू सूचारु रहने जनाइएको छ ।

सूचनामा दिइएको जानकारी अनुसार वैशाख २९ गते उभौली पर्व तथा बुद्ध जयन्ती, जेठ १५ गते गणतन्त्र दिवस, असोज ६ गते घटस्थापना, मङ्सिर १८ गते धान्य पूर्णिमा, पुस १० गते क्रिसमस डे, पुस १५ गते उधौली पर्व तथा तमु ल्होसार, पुस २७ गते तमु ल्होसार र पृथ्वी जयन्ती, माघ १ गते माघी पर्व र माघ ५ गते सोनाम ल्होसारका दिनमा सार्वजनिक बिदा भए पनि जिल्ला प्रशासन कार्यालय बाँकेबाट नागरिकता, राहदानी, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरणसम्बन्धी सेवाहरू प्रवाह गरिने छ ।

सोही प्रकारले माघ १६ गते शहीद दिवस, फागुन ३ गते महाशिवरात्रि, फागुन ६ गते ग्याल्पो ल्होसार, फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन २४ गते अन्तर्राष्ट्रिय महिला दिवस तथा तोकिएको दिनमा पर्ने ईद र बकराईदको दिनमा सार्वजनिक बिदा भए पनि जिल्ला प्रशासन बाँकेबाट उपरोक्त सेवाहरू प्रदान गरिने बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले बताए ।

उनले भने-'सरकारको निर्देशन अनुसार जिल्ला प्रशासन कार्यालय बाँकेले १६ वटा महत्त्वपूर्ण सार्वजनिक बिदाका दिनहरूमा पनि आफ्नो केही आवश्यक सेवा प्रवाह गर्ने भएको छ ।'

सार्वजनिक बिदाका माथि उल्लेखित ती दिनहरूमा पनि सेवा लिन जिल्ला प्रशासन कार्यालयमा आउन जिल्लावासीलाई सार्वजनिक सूचनामार्फत् अनुरोध गरिएको जनाउँदै प्रमुख जिल्ला अधिकारी जोशीले त्यसका लागि जिल्ला प्रशासन कार्यालय बाँकेले सबै तयारी पूरा गरेको बताए ।

सार्वजनिक बिदाका दिनमा पनि केही आवश्यक सेवा प्रवाह गर्ने सरकारको निर्णय निकै सराहनीय रहेको जनाउँदै नागरिक सरोकार समाज बाँकेका संयोजक कृष्णप्रसाद श्रेष्ठले तोकिएका सार्वजनिक बिदाका दिनहरूमा सेवा लिन आउनेहरूलाई सहज र सरल रूपमा सेवा दिने व्यवस्था मिलाउन प्रशासनसँग आग्रह गरे ।

# खेल रद्द हुँदा नेपाल स्तब्ध

बुटवल । आइसीसी यू-१९ विश्वकप एसिया छनोटअन्तर्गत नेपाल र अफगानिस्तान बीचको निर्णायक खेल रद्द हुँदा नेपाल विश्वकप खेल्नबाट वञ्चित भएको छ । शनिबार बिहान भएको वर्षाका कारण मैदानमा असर पुगेको थियो । करिब ५ घण्टासम्म मैदान सुकाउने काम गरिएको भए पनि मैदानको केही भाग निकै खराब अवस्थामा रहेकाले अम्पायरले ३ पटकको निरीक्षणपछि खेल नखेलाउने निर्णय गरे । समूह चरणमा दुवै टोलीले समान ३-३ खेल जितेका थिए । अफगानिस्तान रनरेटमा अगाडि रहेकाले आजको खेलमा अंक बाँडिदा समान ७-७ अंक भए पनि नेट रनरेटकै कारण अफगानिस्तान अगाडि बढ्यो ।

**क्यान र आइसीसीविरुद्ध समर्थकको नाराबाजी**

आइसीसी यू-१९ विश्वकप एसिया छनोट अन्तर्गत नेपाल र अफगानिस्तानबिचको खेल रद्द भएर नेपाल विश्वकपबाट वञ्चित भएपछि समर्थकहरू आक्रोशित बनेका छन् । बिहानैदेखि मैदानमा उपस्थिति जनाएका समर्थकहरू मैदान सुकाउने काम भइन्जेल खेल सुरु हुनेमा आशावादी थिए ।

एक समय घाम लागेर खेल सुरु हुने संकेत देखिएपनि मैदान पूर्णरूपमा तयार नहुँदा खेल हुन सकेन । खेल रद्द भएपछि समर्थकले क्यान, एसीसी र आईसीसीविरुद्ध नारा लगाउँदै खेल गराउन नसकेको आरोप लगाएका हुन् ।

समुर्थकहरू आक्रोशित बनेपछि प्रहरी नै पुगेर सम्झाउनुपरेको थियो । त्यसपछि प्रहरीहरूले होहल्ला गर्ने समर्थकहरूलाई विस्तारै मैदानबाट बाहिर पठाएका थिए ।

# आज पनि भिटामिन ए र जुकाको औषधि खुवाइँदै



बुटवल। सरकारले बैशाख ६ र ७ गते (शनिबार र आइतबार) देशभरका बालबालिकाहरूलाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउन सुरु गरेको छ। राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत ६ महिनादेखि ५ वर्ष उमेरसम्मका बालबालिकालाई भिटामिन 'ए' तथा एकदेखि पाँच वर्षसम्मका बालबालिकालाई जुकाको औषधि खुवाइन सुरु गरिएको हो ।

यस्तै ६ महिनाभन्दा माथिका बालबालिकालाई 'बाल भिटा' पोषणयुक्त आहार दिने गरिन्छ। नियमित खोप लगाउन छुटेका ५ वर्षमुनिका बालबालिका पनि खोप दिइने स्वास्थ्य सेवा विभागले जनाएको छ । दुई दिने अभियानमा पाँच वर्षमुनिका करिब २७ लाख बालबालिकालाई भिटामिन 'ए' र २३ लाख बालबालिकालाई जुकाको औषधि खुवाइने लक्ष्य रहेको छ ।

आफ्नो घर नजिकको खोप केन्द्रमा लगेर बालबालिकाहरुलाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउन सकिन्छ । बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि सरकारले २०५० सालदेखि राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको छ। जुकाको औषधि भने २०५६ बाट खुवाउन थालिएको हो ।

पोषण शाखाका प्रमुख लिला विक्रम थापाका अनुसार देशभरिका ५२ हजार स्वास्थ्य स्वयंसेविका परिचालन गरिएको छ । 'हामीले ७५३ वटा स्थानीय तहमा बजेट पठाइसकेका छौं,' थापाले भने-'स्थानीय तहले आफूलाई पायक पर्ने जस्तै स्कुल, स्वास्थ्य चौकी वा कुनै सामुदायिक भवनमा राखेर भिटामिन 'ए' र जुकाको औषधि खुवाउनु हुनेछ ।'

भिटामिन 'ए' को कमीले बालबालिकाको वृद्धि विकासमा असर, रतन्धो, कुपोषण, दीर्घरोग, रोगविरुद्ध लड्ने क्षमतामा कमी जस्ता समस्या हुन्छन् ।

पछिल्लो अध्ययनले पाँच वर्षभन्दा मुनिका बालबालिका मध्ये ११ प्रतिशतलाई भिटामिन 'ए' कमी भएको देखिएको छ । 'यो जनस्वास्थ्य मध्यम समस्याको रुपमा रहेको छ । अझैं पनि बालबालिका रगतको भिटामिनमा 'ए' कमी छ', थापा भन्छन्-'भिटामिन 'ए' प्राप्त हुने स्रोत बालबालिकाले कम खाएको देखिन्छ ।' चुकन्दर, साग, ब्रोकाउली, साबुत अन्न, पनिर, गिरीदार फल, बटर, गाँजर, खुर्सानी, डेरीबाट उत्पादित सामग्री, राजमा, मटन, आँप, पालक, मटर, फर्सी, रातो खुर्सानी, सी फुड, सलजम, टमाटर, सखरखण्ड, तरबुजा, मकैका दाना, पहेंलो वा नारंगी रंगका फलफूल भिटामिन 'ए' का स्रोत हुन् ।

भिटामिन 'ए' ले हड्डीलाई मजबुत बनाउने, घाउ पुर्ने तथा रोग प्रतिरोधात्मक क्षमता बढाउने तथा छालालाई स्वस्थ राख्ने काम गर्छ । साथै, यसले भोजनलाई शक्तिमा परिवर्तन गर्नुका साथै कोषलाई समेत स्वस्थ राख्छ ।

भिटामिन ए कार्यक्रम हरेक वर्ष पहिलो चरणमा कात्तिक २ र ३ गते तथा दोस्रो चरणमा बैशाख ६ र ७ गते देशैभरका जिल्लामा सञ्चालन हुँदै आएको छ ।

मायादेवी गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो गाउँ एवम् बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

बिगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा बिदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com